नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं

फोन { ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः- ०७७/७८

चलानी नं.:- १७२

मिति २०७७/०८/०७

विषयः निर्णय सम्बन्धमा ।

श्री मन्त्रालय/आयोग/सचिवालय/कार्यालय (सबै) ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, (सातै प्रदेश) ।
श्री स्थानीय तह (सबै) ।

सबै निजामती कर्मचारीलाई सेवा प्रवाहमा तल्लिन बनाई निजामती सेवालाई व्यवस्थित र मर्यादित बनाउने उद्देश्यले लोक सेवा आयोग तथा अन्य निकायबाट सञ्चालन हुने प्रतिस्पर्धात्मक परीक्षाको तयारी कक्षा चलाउने निजी इन्स्टिच्युटमा कर्मचारीहरू उपस्थित भई वा अनलाइन माध्यमबाट प्रशिक्षण दिने कार्यका सम्बन्धमा नेपाल सरकार (माननीय मन्त्रीस्तर) बाट मिति २०७७/०८/०७ मा देहाय अनुसारको निर्णय भएको हुँदा निर्णय कार्यान्वयन गर्नु/गराउनुहुन अनुरोध छ ।

क) राजपत्राङ्कित प्रथम श्रेणी वा सोभन्दा माथिल्लो पदमा कार्यरत निजामती कर्मचारीले नेपाल सरकार (मन्त्रिपरिषद्) र अन्य कर्मचारीले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्वीकृति नलिई निजी इन्स्टिच्यूटमा उपस्थित भई वा अनलाइन माध्यमको उपयोग गरी लोक सेवा आयोग वा अन्य निकायबाट सञ्चालन गरिने प्रतिस्पर्धात्मक परीक्षाका तयारी कक्षामा लिखित तथा मौखिक प्रशिक्षण दिन नहुने ।

ख) यस अघि कुनै मन्त्रालय वा निकायबाट उल्लिखित प्रयोजनका लागि कुनै कर्मचारीलाई स्वीकृति उपलब्ध गराईएको भएमा ती सबै आजको मिति देखि निष्कृय हुने ।

ग) सबै मन्त्रालय वा निकायले उल्लिखित प्रयोजनका लागि कुनै कर्मचारीलाई बिदा नदिने र काजमा खटिई गएको अवस्थामा प्रशिक्षण कार्यमा सहभागी हुनसक्ने तर्फ सचेत बन्ने ।

घ) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नयाँ मापदण्ड निर्माण नभएसम्मका लागि प्रकरण (क) बमोजिमको स्वीकृति प्रदान गर्ने प्रक्रिया अगाडि नबढाउने ।

ङ) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश तथा स्थानीय तहमा समायोजन भएका निजामती कर्मचारीका हकमा समेत यही व्यवस्था लागु हुने ।

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:- ०७७।७८

चलानी नं.:- ९७२

ङ) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश तथा स्थानीय तहमा समायोजन भएका निजामती कर्मचारीका हकमा समेत यही व्यवस्था लागु हुने ।

च) स्वीकृति बिना कुनै कर्मचारी प्रशिक्षण कार्यमा संलग्न भए/नभएको सम्बन्धमा सम्बन्धित सरकारी निकायहरुबाट कडाईका साथ अनुगमन गर्ने र भएको पाईएमा आवश्यक कारवाही प्रक्रिया अगाडि बढाउने ।

छ) कुनै कर्मचारी कार्यालय समयमा प्रशिक्षार्थीको रूपमा निजी इन्स्टिच्यूटका यस्ता प्रकृतिका तालिम तथा प्रशिक्षणमा सहभागी भएको पाइएमा सो समेत निजामती सेवा ऐन र नियमको विपरित हुने ।

ज) प्रकरण (क) बमोजिम स्वीकृति प्राप्त नगरी यस्ता प्रकृतिका प्रशिक्षण कार्यमा प्रशिक्षकको रूपमा कार्य गरेको वा कार्यालय समयमा निजी इन्स्टिच्यूटको प्रशिक्षण कार्यमा सहभागी भएको पाइएमा तथा प्रशिक्षणको अडियो-भिडियो प्राप्त भएमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको टोल फ्रि नं.१६१८०१४२००३०९ वा सूचना शाखाको सम्पर्क नं.०१-४२००२९८ तथा इमेल ठेगाना **information.officer@mofaga.gov.np** मा जानकारी उपलब्ध गराईदिन सम्बद्ध सबैलाई अनुरोध गर्ने।

(मदन कोइराला)
उप-सचिव